# ‘भोक र भित्ताहरू’ उपन्यासमा यथार्थवाद

# Realism in the novel ‘Bhok ra Bhittaharu’


वैकुण्ठप्रसाद पौडेल [1]

[1]सहप्राध्यापक
जनज्योति बहुमुखी क्याम्पस
लालबन्दी, सर्लाही
**https://orcid.org/0009-0000-4655-9617**
***poudelbaikuntha1*@gmail.com**



Received: 21 March 2025
Revised: 5 June 2025
Accepted: 4 July 2025
Published: 25 July 2025



This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0



**JANAJYOTI JOURNAL**
**(जनज्योति जर्नल)**
**ISSN** : 2961-1563 (Print)
: 3102-0275 (Online)
https://www.nepjol.info/index.php/jj
**Printed at : July, 2025**
**Published by :**
**RMC**
**JANAJYOTI MULTIPLE CAMPUS**
Lalbandi, Sarlahi, Nepal
www.jjmc.edu.np



## सार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा दौलतविक्रम विष्टको ‘भोक र भित्ताहरू’ उपन्यासलाई यथार्थवादी शिल्प प्रयोगका आधारमा विवेचना गरिएको छ । यथार्थवादका आधारमा ‘भोक र भित्ताहरू’ उपन्यासको विश्लेषण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य हो । यस लेखमा उपन्यास विश्लेषणका लागि यथार्थवादका मान्यताहरूका साथै सामाजिक यथार्थवाद, आदर्शोन्मुख यथार्थवाद र आलोचनात्मक यथार्थवादलाई मुख्य आधार मानिएको छ । अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालय र विभिन्न समालोचनाका कृतिहरूबाट लिइएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान प्रक्रियाअन्तर्गत कृतिको वर्णनात्मक र विश्लेषणात्मक अध्ययन विधिलाई प्रयोग गरिएको छ । उपन्यासमा सामाजिक यथार्थतालाई देखाउन रुढीग्रस्त, अशिक्षित, विपन्न, अभावग्रस्त तत्कालीन नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिलाई केलाइएको छ । यसमा काठमाडौँ उपत्यकामा जीर्ण भइसकेको पाटी, पौवा, धर्मशाला र त्यसमा छेउछाउको परिवेशलाई केन्द्र मानिएको छ । उपन्यासको प्रमुख पात्र हर्के साहिँलाको केन्द्रीयतामा उपन्यासको विषयवस्तु अघि बढेकाले सामाजिक स्थितिको दृश्याङ्कन गर्न उपन्यास सफल छ । यसमा गरिबको समस्या धनी वर्गले नबुझ्ने कुरालाई हर्के साहिँलाजस्तो गरिबलाई हतियार बनाई आफ्नो स्वार्थ सिद्ध गर्ने प्रसङ्ग आएको छ । उपन्यासमा पात्रअनुकूल कथ्य भाषाको प्रयोग*



**Preferred Citation:**
Paudel, B. P. (2025). ‘भोक र भित्ताहरू’ उपन्यासमा यथार्थवाद {Realism in the novel ‘Bhok ra Bhittaharu’}. *Janajyoti Journal*, 3(1), 333–348. https://doi.org/10.3126/jj.v3i1.83324

*गरिएको छ । भोकले सताइएका हर्के साहिँला, चन्द्रे, झुने, जुनेलीजस्ता व्यक्तिहरूको कारुणिक चित्र याथार्थपरक ढङ्गबाट गरिएको छ । उपन्यासमा सामाजिक यथार्थलाई आदर्शोन्मुख यथार्थतर्फ ढल्काउँदै आलोचनात्मक यथार्थमा लगेर टुङ्ग्याइएको छ ।*

**मुख्य शब्दावली** : भौतिकवाद, यथार्थवाद, वस्तुसत्य, विसङ्गति, समालोचना, सहजात ।

## Abstract

*This research article, Daulat Bikram Bista's novel 'Bhok ra Bhittaharu' has been analyzed on the basis of realistic literary apporach. The main objective of this research is to analyze the novel 'Bhok ra Bhittaharu' on the basis of realism. In this article, the norms of realism, as well as social realism, ideal-oriented realism and critical realism, have been considered as the main basis for analysis. It deals with liberary research for essential materials collection and various works of criticism. In this study, the descriptive and analytical study methods of the work have been used under the qualitative research process. The novel examines the distortions and anomalies seen in the stereotyped, uneducated, poor and deprived Nepali society of the time to show social reality. In this, the dilapidated Pati, Pauwa, Dharamshala and the surrounding environment in the Kathmandu Valley have been considered as the center. Since the theme of the novel progresses with the centrality of the main character of the novel, Harke Sahinla, the novel is successful in visualizing the social situation. In this, the rich class does not understand the problems of the poor and uses the poor like Harke Sahinla as a weapon to prove their own interests. The novel uses character-appropriate narrative language. The tragic portraits of people like Harke Sahinla, Chandre, Jhune, and Juneli tormented by hunger are realistic. The novel concludes by tilting social reality towards ideal-oriented reality and taking it to critical reality.*

**Keywords:** Anomaly, criticism, materialism, naturalness, objective truth, realism.

## पृष्ठभूमि

दौलतविक्रम विष्ट (वि.सं. १९८३-२०५८) एक प्रतिभाशाली उपन्यासकार हुन् । उनले स्नातक तह उत्तीर्ण गरेका छन् । उनको परिवार भोजपुरबाट झापाको गौरीगञ्जमा बसाइँ सरेको देखिन्छ । उनको बाल्यकाल र किशोरावस्था तराईतिर बितेको देखिन्छ । उनले सोह्र वर्षको उमेर बितिसकेपछि प्राथमिक शिक्षा अध्ययन गर्न थालेको पाइन्छ । उनले वि.सं. २०१३ सालमा स्नातक तहको उपाधि आर्जन गरेको देखिन्छ । उनले जीवनका तीन दशक गुजारेर सरकारी सेवामा प्रवेश गरेको देखिन्छ । उनले शिक्षा अधिकारी, शिक्षा निर्देशक, सञ्चार निर्देशकजस्ता पदहरूमा अधिकृत भएर देशका विभिन्न भागमा गई सेवा गर्ने अवसर प्राप्त गरेको पाइन्छ (सुवेदी, २०५३, पृ. ९५) । उनले साझा पुरस्कार (२०४९), मदन पुरस्कार (२०४५) लगायत विभिन्न पुरस्कार तथा सम्मानहरू प्राप्त गरेका छन् । उनले मञ्जरी (२०१६), एक पालुवा अनेकौँ याम (२०२६), चपाइएका अनुहार (२०३०) बिग्रिएको बाटो (२०३३), सिन्दुर (२०३३), थाकेको आकाश (२०३४), भोक र भित्ताहरू (२०३८), ज्योति ज्योति महाज्योति (२०४५), हिमाल र मान्छे (२०४५), फाँसीको फन्दामा (२०५३) उपन्यासहरू रचना गरेका छन् ।

आधुनिक नेपाली उपन्यास परम्परामा दौलतविक्रम विष्ट एक सशक्त प्रतिभा हुन् । उनले नेपाली उपन्यासको उन्नयनमा अविस्मरणीय योगदान दिएका छन् । मञ्जरी (२०१६) उपन्यासबाट नेपाली उपन्यास क्षेत्रमा प्रवेश गरेका विष्टले यस क्षेत्रमा ठूलो उपलब्धि आर्जन गरेका छन् । उनले कथा, नाटक, एकाङ्की र निबन्ध विधामा कलम चलाए पनि उपन्यास विधामा उनको उर्वरता छ । यथार्थवादी उपन्यास 'मञ्जरी' (२०१६) बाट उदाएका विष्टले चपाइएका अनुहार (२०३०) सम्म आइपुग्दा विसङ्गतिवादी चिन्तनको विकास गरेको देखिन्छ (लामिछाने, २०७६, पृ. ३४७) ।

विष्ट सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले आफ्ना उपन्यासमार्फत् यथार्थपरक ढङ्गबाट समाजको विहङ्गम विश्लेषण गरेका छन् । उनी आलोचनात्मक यथार्थवादी दृष्टिकोण राख्ने उपन्यासकार हुन् । समाजका अन्याय अत्याचारलाई जस्ताको त्यस्तै प्रस्तुत गरेर त्यसबाट सामाजिक सुधारको अपेक्षा राख्दछन् । उनका उपन्यासमा मनोविश्लेषणात्मकता पनि पाइन्छ । उपन्यासमा प्रयोग भएका पात्रहरूमा अन्तर्द्वन्द्व रहेको पाइन्छ । उनले पात्रहरूका बाह्य तथा आन्तरिक मनोलोकको विचरणमा रुचि राख्दै चरित्रचित्रणमा सूक्ष्मता देखाएका छन् । अग्रज उपन्यासकारहरूले जस्तै विष्टले पनि परम्परित अभिव्यक्ति शैलीको प्रयोग गरेका छन् । उनले विषयवस्तुमा नवीनता भित्त्याए पनि अभिव्यक्ति प्रक्रिया परम्परित रहेको छ । विष्ट आफ्ना उपन्यासहरूमा मानवीय मूल्य र मान्यताप्रति सजग र सचेत रहेका छन् (लामिछाने, २०७६, पृ. ३४८) । आफ्नो स्वार्थसिद्धीका लागि मानवमानवबिचमा भएका र हुने गरेका त्रासपूर्ण घटनाले सिङ्गो मानव जाति आहत भएको कुरालाई आफ्ना उपन्यासका माध्यमबाट प्रकट गरेका छन् । मानव जातिको विनाशप्रति अग्रसर भएको वर्तमानमा उनी क्रुद्ध तथा क्षुब्ध भएका छन् । उनले आफ्ना उपन्यासमा सामाजिक तथा सांस्कृतिक आदर्शलाई अभिव्यक्ति गरेका छन् । अतः यस अध्ययनबाट उपन्यासमा प्रयुक्त यथार्थवादका प्रमुख मान्यताका साथै सामाजिक, आदर्शोन्मुख र आलोचनात्मक यथार्थवादका विषय क्षेत्रको खोजी गरिएको छ ।

## समस्याकथन र उद्देश्य

नेपाली साहित्य समालोचनाको क्षेत्रमा यथार्थवादी मान्यतालाई आधार मानेर विभिन्न लेख रचना प्रकाशन हुँदै आएको छ । यथार्थवादी धारामा कलम चलाउने दौलतविक्रम विष्टको 'भोक र भित्ताहरू' उपन्यासमा नेपाली समाजका के-कस्ता यथार्थ पक्षको प्रस्तुति रहेको छ भनेर खोजी हुनुपर्ने देखिन्छ । यस सन्दर्भलाई टेकेर 'भोक र भित्ताहरू' उपन्यासमा के-कस्तो यथार्थवादको प्रयोग छ भन्ने प्राज्ञिक जिज्ञासालाई यस अनुसन्धानात्मक लेखको मुख्य समस्या मानिएको छ। यही समस्यालाई आधार मानी यथार्थवादका आधारमा 'भोक र भित्ताहरू' उपन्यासको विश्लेषण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

## औचित्य र महत्त्व

यस लेखमा 'भोक र भित्ताहरू' उपन्यासमा नेपाली समाजको चित्रण गरिएको छ । त्यसका प्राप्ति र उपलब्धिलाई देखाइएको छ। यसबाट नेपाली समाजको भाषिक, सांस्कृतिक, धार्मिक र आर्थिक व्यवहारमा हुने विविधताको खोजी गरिएको छ । यसर्थ यस अध्ययनले साहित्य समालोचनामा रुचि राख्ने तथा यथार्थवादमा कलम चलाउने सम्पूर्ण प्राज्ञिक व्यक्तिहरूमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## सीमा

यस लेखमा 'भोक भित्ताहरू' उपन्यासभित्र प्रयोग गरिएका यथार्थवादका मान्यताहरूका साथै सामाजिक, आदर्शोन्मुख र आलोचनात्मक यथार्थवादभित्र सीमित रही विश्लेषण गरिएको छ।

## अध्ययन विधि

यस अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयबाट प्राप्त गरिएको छ । यहाँ 'भोक र भित्ताहरू' उपन्यास प्राथमिक सामग्री हो । यस उपन्यासका बारेमा लेखिएका समालोचना, विश्लेष्य लेखरचना द्वितीयक सामग्रीहरू हुन्। यी सामग्रीहरूको अध्ययन विश्लेषण गर्न वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यसमा यथार्थवादका पर्याधारको अध्ययन गर्न वर्णनात्मक विधिको उपयोग गरिएको छ । 'भोक र भित्ताहरू' उपन्यास विश्लेषणका लागि साक्ष्यसहित पुष्टि गर्ने गरी वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यसर्थ यो अध्ययन कृतिपरक विश्लेषणमा केन्द्रित छ।

### विश्लेषणको सैद्धान्तिक पर्याधार

यथार्थ अर्थात् सत्य वा वास्तविकतामा आधारित मान्यतालाई यथार्थवाद भनिन्छ। यथार्थवाद शब्दको पहिलो प्रयोग सर्वप्रथम दर्शनमा भएको देखिन्छ । मध्यकालीन दार्शनिक टमस एक्विनसले दर्शनशास्त्रसम्बन्धी आफ्नो सिद्धान्तमा वस्तुपरकताको अनिवार्य गुण हो भनी यथार्थवादलाई चिनाएका छन् (अग्रवाल, सन् १९७२, पृ. ३२६) । यस व्याख्यालाई अर्का दार्शनिक डन्सकोट्सले पनि समर्थन

गरेका छन् । यस वादको दार्शनिक आधार प्राचीन दर्शनशास्त्री प्लेटोसँग मिलेको देखिन्छ । उनका विचारमा यथार्थमा अनुभव गर्न नसकिने अनन्त विचार रहेको हुन्छ । संसारका हरेक छुट्टाछुट्टै वस्तुहरू तिनै अनन्त विचारका अभिव्यक्ति हुन् (क्रोनेज र अन्य, सन् २००१, पृ. १३२) । वस्तुजगत् यथार्थ हो भन्ने विचारमा एरिस्टोटलको अनुकरण सिद्धान्तले पनि समर्थन गरेको देखिन्छ । यसरी शाब्दिक अर्थका रूपमा हेर्दा यथार्थ जीवन र खसोखास तथ्यलाई निष्पक्ष र निडर भई पूरा इमानदारीका साथ ठीकठीक तरिकाले वर्णन गर्नु यथार्थवाद हुन्छ । यसरी वर्णन गर्दा राम्रा-नराम्रा, वेदनादायी कुराहरूलाई समेत कति पनि तलमाथि नपारी, आदर्शीकरण नगरी चित्रण-अङ्कन गर्नुपर्दछ भन्ने हुन्छ । व्यापक अर्थमा यथार्थवादलाई हेर्दा कुनै स्थान वा समय स्पन्दनसँग सम्बद्ध दैनन्दिन जीवनको यथातथ्य वर्णन गरिएको सहजात साहित्यिक रचना भन्ने बुझिन्छ । खास अर्थमा यथार्थवाद भनेको स्वच्छन्दतावादको विरोधमा उन्नाइसौँ शताब्दीदेखि अगाडि बढेको साहित्यिक मान्यता हो ।

यथार्थवाद शब्दको पहिलो प्रयोग सन् १०१६ मा प्रकाशित Mercur francais du xixe siecle बाट भएको हो । यसमा यथार्थवादको प्रयोग प्रकृतिको हुबहु नक्कल तथा साहित्यिक कृतिमा सत्यको उद्घाटन भन्ने अर्थमा भएको छ । सन् १८५७ मा प्रकाशित स्याम्फ्लेरको Le. Reealism शीर्षक लेखलाई यथार्थवादको घोषणा पत्र मानेको देखिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. २९६) ।

साहित्य र कलाका प्रत्येक वादका आधार दर्शनको वादहरूमा पाइन्छ । दर्शनकै क्षेत्रमा विशेष विचारधारा उत्पन्न भएपछि साहित्य र कलाका क्षेत्रमा फैलिएको छ । दर्शनका रूपमा यसलाई सर्वप्रथम प्रयोग गर्ने दार्शनिक प्लेटो थिए (मिश्र, सन् १९७५, पृ. २७१) । यथार्थवादको दार्शनिक पृष्ठभूमि पनि दर्शनमा आधारित छ । दर्शन विज्ञानमाथि निर्भर रहेको हुन्छ (लोहनी, २०११, पृ. ११) । यथार्थवादका अनुसार दर्शनमा पदार्थ जे छ त्यही छ भन्ने बुझिन्छ (जर्ज, सन् १९९८, पृ. ४०६) । पश्चिमी जगत्मा यथार्थवादलाई दर्शनशास्त्रका विभिन्न सम्प्रदायमध्ये एउटा सम्प्रदायका रूपमा स्विकारिएको छ । यथार्थवादी दार्शनिकहरूका बिचमा कतिपय मतमतान्तर समेत देखिन्छ । जर्ज बर्कले ज्ञानशास्त्रीय प्रत्ययवादका वस्तुजगत्को अस्तित्व मानसिक हुन्छ भन्ने मान्यता राखेका छन् । यथार्थवादी दार्शनिकहरू भने यसमा सहमत देखिँदैनन् । बरु बाह्य जगत् तथा बाह्य पदार्थको अस्तित्व मनभन्दा स्वतन्त्र हुन्छ भन्ने कुरामा सहमत देखिन्छन् (मिश्र, सन् १९७८, पृ. ११) । पश्चिमी दर्शनमा यथार्थवादमा 'प्रकृतिको यथार्थवाद' र 'वस्तुको यथार्थवाद' गरी दुईओटा सम्प्रदाय रहेको पाइन्छ । यस दर्शनमा पनि हाल आएर निम्नबमोजिम चारओटा उपसम्प्रदायहरू रहेको देखिन्छ :

**सहज तथा सामान्य बुद्धि यथार्थवाद** : यस वादअनुसार हामी सबै स्वाभाविक रूपमा वस्तुवादी हौँ । हामी जुनसुकै वस्तुबाट ज्ञान प्राप्त गर्न सक्छौँ । ती वस्तुलाई स्वतन्त्र ठान्छौँ । यस्तो विचार सबै ठाउँका मानिसहरूमा रहेको देखिन्छ (मिश्र, २०४०, पृ. ४५) । यसर्थ बुद्धि, विवेक र भोगाइलाई यसले प्राथमिकतामा राख्छ ।

**प्रतिनिधान यथार्थवाद** : यस वादअनुसार ज्ञानका लागि मस्तिष्क, प्रत्यय र वस्तु गरी तीनओटा तत्त्व रहेका हुन्छन् । मस्तिष्कले वस्तुहरूको ज्ञान प्रत्ययका माध्यमबाट लिन्छ । प्रत्ययहरू

वस्तुका प्रतिलिपि हुन् । वस्तुको स्वतन्त्र अस्तित्वलाई प्रत्ययको माध्यमबाट स्विकारिएको हुन्छ । यस वादका प्रमुख दार्शनिक जोन लक र रेने डेकार्ट हुन् । उनीहरूका अनुसार भौतिक वस्तु मानिसको मस्तिष्कभन्दा टाढा स्वतन्त्र रूपले अस्तित्वमा रहेका हुन्छन् । ध्यानमार्फत् इन्द्रियहरूलाई वशमा पारी त्यसलाई चिन्न सकिन्छ (फ्र्यान्क, सन् १९८९, पृ. ६१७) । यसरी हेर्दा यो वादले आन्तरिक आत्मतत्त्वमा जोड दिएको देखिन्छ ।

**नव्य यथार्थवाद** : यस वादले वस्तुलाई जीवित पार्दै तर्कपूर्ण बनाउँछ । यसले वस्तुवादको स्थापना गरेको छ । यसका संस्थापक जर्मनका बन्टानो हुन् । यस वादलाई ए.डब्लु. रसेल, जी.ई. मोरे, बाल्टर पिटकिनले समर्थन गरेको पाइन्छ (मिश्र, २०४०, पृ. ४६) । यसले विवेक र व्यवहारलाई गाँस्ने प्रयत्न गरेको देखिन्छ ।

**समालोचनात्मक यथार्थवाद** : यस वादले ज्ञानका क्रियाको संरचना विषयक आफ्नो मत राखेको देखिन्छ । यो वाद नव्य यथार्थको प्रतिक्रिया स्वरूप आएको हो । संज्ञानको प्रक्रियामा कर्ता, विषय र सारवस्तु रहेका हुन्छन् । यही सारवस्तु हाम्रो चेतनाको अन्तर्वस्तु हो (फ्रोलोभ, सन् १९८४, पृ. ९२) । मनमा एक प्रकारको पदार्थ विद्यमान हुन्छ । यसकै माध्यमबाट यथार्थ वस्तुको ज्ञान प्राप्त र यही कुरा ज्ञानको विषय हो । यसरी प्रत्ययवादी मान्यताका विपरीत यथार्थवादी दार्शनिकहरूले ज्ञेय पदार्थको सत्ता ज्ञातभन्दा स्वतन्त्र हुन्छ भन्ने मान्यता राखेको देखिन्छ (मिश्र, सन् १९७८, पृ. ९१) । यसले चिन्तनको गहिराइलाई वास्तविकतासँग जोड्न खोजेको देखिन्छ ।

यथार्थवादको प्रयोग दार्शनिक क्षेत्रमा वस्तुजगत्‌को स्वतन्त्र अस्तित्व राख्ने मान्यतामा आधारित छ । यथार्थवादी दार्शनिकहरू वस्तुसत्यमा व्यक्त र उसको ज्ञानले कुनै परिवर्तन ल्याउन सक्दैन भन्ने कुरालाई स्वीकार गर्छन् । उनीहरू यथार्थको स्वरूपलाई सर्वव्यापी ठान्छन् । यस वादको सार्विकताका आधारमा कुनै वस्तु वा पदार्थ एउटाका लागि जस्तो छ, सबैका लागि त्यस्तै हुन्छ भन्ने रहेको छ । दार्शनिकहरू यथार्थलाई संवाद र सङ्गतिका आधारमा वस्तुसत्यको पहिचान गर्दछन् । संवाद सिद्धान्तअनुसार वस्तुजगत् वैज्ञानिक अन्वेषण, तथ्याङ्क सञ्चयन, आलेख तथा पारिभाषीकरणजस्ता वस्तुनिष्ठ प्रक्रियाबाट ज्ञात हुन्छ । सङगति, विसङ्गतिका आधारमा वस्तुजगत्‌को सहजात ज्ञान तथा अन्तर्दृष्टिजस्ता प्रक्रियाबाट ज्ञात हुन्छ ।

**साहित्यमा यथार्थवादको प्रयोग** : साहित्यिक क्षेत्रमा यथार्थवादको प्रयोग जीवन र जगत्‌को वस्तुपक्षमा आधारित छ । यसमा मान्छेको जीवनमा देखिने वास्तविकतालाई जस्ताको त्यस्तै उतार्ने साहित्यिक मान्यताभित्रको वस्तुस्थितिको निरूपण गरिन्छ । साहित्यभित्रै समाजको वास्तविक स्थितिलाई केलाइन्छ । अमेरिकाली समालोचक रेने बेलेकको धारणाअनुसार यस वादले सुरुसुरुमा स्थानीय रङ्ग र यथार्थ चित्रण गऱ्यो तर बिस्तारै बाल्जाकका उपन्यास र कुर्बेको चित्रकलामा प्रवेश पायो । त्यसपछि आफ्नो नयाँ स्वरूप र स्थान प्राप्त गर्दै साहित्यमा प्रवेश गऱ्यो । च्याम्फ्लरीको यथार्थवाद भन्ने निबन्धले यसलाई बल पुऱ्यायो (बेलेक, सन् १९७८, पृ. १२२) । यसरी हेर्दा साहित्यमा यथार्थवादको प्रारम्भिक

प्रयोग बेलायती उपन्यासकार ड्यानिअल डिफोको 'Robinson Crusoe' (सन् १७१९) बाट भएको हो । यस वादको प्रयोग हेनरी फिल्डिङको 'The History of Tom Joens' (१७४९) कृतिमा समेत भएको मानिन्छ । यस वादको वास्तविक प्रयोगकर्ता फ्रान्सेली उपन्यासकार बाल्जकाको ...Comedie Humaine, (सन् १८२७) हुन् । उनलाई महान् यथार्थवादी उपन्यासकार मानिएको छ । यथार्थवादी आन्दोलन फ्रान्समा भएको हो । यसको थालनी सन् १८३० को दशकबाट भए पनि सन् १८५० को दशकमा उत्कर्षमा पुगेको पाइन्छ । त्यसपछि युरोपका अन्य साहित्यमा प्रवेश गरेको देखिन्छ ।

यथार्थवादले पलायनवादको विरुद्धमा ज्ञानको अस्तित्वलाई स्वीकार गरेको छ । आदर्शवादको विरुद्धमा ज्ञानको प्रयोग प्राचीन ग्रीसेली दार्शनिकहरू डेमोक्रेट्स र एपिक्युरसका चिन्तनहरू तथा प्राचीन पूर्वीय भोजवादी चर्वाक दर्शनमा यथार्थवादको बीज पाइन्छ भन्ने कुरा देखाउने प्रयास गरिएको छ । यसले दर्शन र साहित्यका क्षेत्रमा सत्रौँ शताब्दीमा खास आफ्नो अस्तित्व प्राप्त गर्न खोजेको देखिन्छ (कँडेल, २०४६, पृ.४) । यस क्रममा दार्शनिकहरूले पनि मनोगत एकाङ्की चिन्तन तथा पूर्वाग्रहलाई छोडी वस्तु तथा त्यसमा निहित सत्यको खोज वस्तुपरक दृष्टिबाट गर्न थालेको देखिन्छ । यसैको फलस्वरूप वस्तुपरक वैज्ञानिक पद्धति उन्नाइसौँ शताब्दीको फ्रान्सेली यथार्थवादको आधार बन्न पुगेको पाइन्छ । यसमा सन्ट साइमन, अगस्त कोन्ते, चार्ल्स, डार्विन, कार्ल मार्क्स, फेडरिक एङ्गेल्सजस्ता दार्शनिक अगाडि बढेका छन् । उन्नाइसौँ शताब्दीको अन्त्यतिर माखको यथार्थवादी दृष्टि, हेगेलको आदर्शवादी दार्शनिक दृष्टि र फायरबखको यान्त्रिक भौतिकवादी यथार्थ दृष्टिले पनि यथार्थवादलाई प्रभाव पारेको छ । माखको दृष्टिकोणअनुसार इन्द्रिय संवेदनाको जटिल यथार्थ हो । यसलाई प्राथमिकता दिएर वस्तुजगत्प्रति अभिमुख हुनु सही यथार्थ दृष्टि हो भन्ने रहेको देखिन्छ (गौतम, २०४९, पृ. १२) । हेगेलले निरपेक्ष प्रत्ययलाई एक मात्र अस्तित्वका रूपमा स्विकारेका छन् । निरपेक्ष प्रत्ययलाई स्वीकार नगरी वस्तुजगत्लाई स्वसत्ता स्वीकार्ने काम फायरबखले गरेको देखिन्छ (मिश्र, सन् १९७३, पृ.७) ।

यथार्थवादको उत्थानमा उन्नाइसौँ शताब्दीको वैज्ञानिक अविष्कारले महत्त्वपूर्ण सहयोग गरेको देखिन्छ । यस शताब्दीमा डार्विनको विकासवादी सिद्धान्तले मानिसको उत्पत्ति र विकाससम्बन्धी पूर्ववर्ती मान्यतामा प्रश्न चिह्न लगाउँदै मानव विकास पशुकै विकसित नश्ल हो भन्ने स्वीकार गरिएको छ । यसबाट आदर्शवादी विचारधारा बदली विज्ञानसम्मत दुष्टिकोण बन्न पुगेको देखिन्छ । सत्रौँ र अठारौँ शताब्दीमा अस्तित्ववान् रहेको यथार्थवादले त्यस समयमा पूर्णतः विज्ञानसम्मत स्वरूप प्राप्त गर्ने अवसर पाएको देखिन्छ (पाण्डे, २०५६, पृ. ८) । सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तले मानिसको जैविक आवश्यकता परिपूर्ति विद्रुपता, कुण्ठा अतृप्तिबाट सम्बन्धित मानव जीवनको वास्तविकतातर्फ आकर्षित गऱ्यो । मार्क्सको चिन्तनधाराले शोषित पीडित जीवन सङ्घर्षको वास्तविक चित्रण गऱ्यो (मिश्र, सन् १९७५, पृ. २७२) । यसबाट यथार्थवादले परिष्कृत हुँदै साहित्यतर्फ अगाडि बढेको पाइन्छ ।

यस वादले साहित्यमा पद्य विधालाईभन्दा गद्य विधालाई आफ्नो केन्द्रमा राख्यो । गद्य विधाभित्र पनि उपन्यासमा यसलाई बढी प्रयोग गरेको देखिन्छ । उपन्यासबाहेक कथा, नाटक र कविता विधामा पनि यसको प्रयोग भएको देखिन्छ । यद्यपि, फ्रान्सेली उपन्यासकार बाल्जाकबाहेक बेलायती उपन्यासकार

जर्ज एलियट, अमेरिकाली उपन्यासकार विलियम डिम ह्वेल्ससँगै नेपाली उपन्यासकारहरूले यस वादलाई विशेष रूपमा अँगालेको देखिन्छ ।

साहित्यिक चिन्तनभित्र गएर हेर्दा सन् १८३० को अवधिमा जर्मनेली कवि हाइनरिख हाइनेले नेतृत्व गरी सुरु भएको यथार्थवादी आन्दोलनको घोषणापत्र सन् १८५७ मा फ्रान्सेली उपन्यासकार च्याम्फ्लरीद्वारा Le Realisme नामबाट प्रस्तुत गरिएको देखिन्छ । विशेषगरी एडमन्ड कुरान्टेद्वारा सम्पादित 'यथार्थवाद' पत्रिकाले यथार्थवादलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ (त्रिगुणायत, सन् १९६३, पृ. २०३) । यसमा यथार्थवादका स्वरूपको स्थापना गरिएको छ। फ्लुवेर्टको 'म्याडम बोभरी' (सन् १८५६) उपन्यास प्रकाशन भएपछि यस वादले साहित्यिक क्षेत्रमा जरो गाडेको देखिन्छ (तिवारी, सन् १९७१, पृ. १३२) । च्याम्फ्लरीको 'यथार्थवाद' भन्ने निबन्धले यस वादको उचाइ बढाएको छ (बेलेक, सन् १९७८, पृ. १२२) । यथार्थवादी साहित्यकारहरूले आफ्ना रचनाहरूमा सबैभन्दा बढी यथार्थवादका रूप र गुण भएको कुरालाई महत्त्व दिएका छन् (क्रिलोक, सन् १९८१, पृ. १९) ।

साहित्यमा यथार्थवादको इतिहासअन्तर्गत मार्क्स एङ्गेल्सको भूमिकालाई पनि महत्त्व दिन सकिन्छ । उनले मार्गरेट हार्केन्सलाई लेखेको चिठीमा यथार्थवादको तात्पर्य उल्लेख गरेका छन् । यस वादको विवरण दिएका छन् । सामान्य अवस्थामा सामान्य चरित्रको यथार्थवादी पुनरुक्ति हो भन्ने उल्लेख गरेका छन् (मार्क्स र एङ्गेल्स, सन् १९८१, पृ. १०७) । साहित्यमा यथार्थवाद भन्नाले एक विशेष किसिमको चिन्तन पद्धतिका साथै यसको विशिष्ट शिल्प पद्धतिसमेत बुझिन्छ । यस वादले समाजशास्त्रीय चिन्तनद्वारा प्रभावित सामाजिक यथार्थवादलाई बुझाएको छ। यथार्थवादी दर्शनकै प्रयोग यथार्थवादी साहित्यले पनि गरेको पाइन्छ (त्रिपाठी, २०३०, पृ. ४४) । लुइस जे.एम्. दागरले सन् १८३९ मा फोटोग्राफीको आविष्कार गरे । त्यसबाट धेरै कलाकार प्रभावित भए । उक्त कलाको शैलीलाई अपनाई वस्तुको ठीकठीक चित्रण गर्न थाले । यसमा चित्रकार गुस्ताव कुर्बेको सन् १८५५ मा भएको चित्रकला प्रदर्शनी र फ्लुवेर्टको उपन्यास 'म्याडम बोभरी' (सन् १८५६) को प्रकाशन भएपछि यथार्थवादले साहित्यिक क्षेत्रमा राम्ररी मौलाएको पाइन्छ (त्रिगुणायत, सन् १९६३, पृ. २०३) । यसको बढ्दो प्रगति र उपयोगले गर्दा सैद्धान्तिक रूपमा विविधता देखिन्छ ।

**यथार्थवादका प्रमुख मान्यता** : यस वादले भौतिक जगत्लाई यथार्थ मानी साहित्यमा वस्तुजगत्को यथार्थ अभिव्यक्ति गर्छ । इमानदारिताका साथ सामाजिक यथार्थलाई चित्रण गरिनु यसको मूल विशेषता हो । यसमा समाजभित्र जोडिएका संस्कृति, राजनीति, भोगाइ र व्यवहार समावेश हुन्छ । मानव जीवनका सबलता र दुर्बलता दुवैको समान र सन्तुलित चित्रण हुन्छ । यसले अलौकिक सत्यता नभई लौकिक सत्यमा विश्वास राख्छ । निम्न वर्ग र मध्यम वर्गका जीवन, समाज, घटना र समस्यालाई प्रस्तुत गर्छ । नैतिकता र औपचारिकताजस्ता पक्षहरूको चित्रण नगरी निकृष्ट पक्षहरूको चित्रण गर्छ । कृतिमा कथानकलाई भन्दा चरित्रलाई महङ्खव दिन्छ । कृत्रिम, आलङ्कारिक र आडम्बरपूर्ण भाषाको प्रयोग नगरी पात्रानुकूल बोलचालको भाषालाई मान्यता दिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. २९८) । यसर्थ यथार्थवादी साहित्यमा भोगाइ र लेखाइभित्रको सत्य पक्षलाई उजागर गरिएको हुन्छ ।

उल्लिखित यथार्थवादी सिद्धान्तमा केन्द्रित भई यस उपन्यासलाई साक्ष्यका आधारमा पुष्टि गर्दै विश्लेषण गरिएको छ ।

## विश्लेषण र छलफल

'भोक र भित्ताहरू' (२०३८) उपन्यासमा वस्तुजगत्को यथार्थ अभिव्यक्ति छ । हर्के साहिँलाले झ्यालखानाबाट निस्केर शङ्खमूलको पाटीमा बस्ने आफ्नी श्रीमती र छोरीलाई सम्झन्छ । जगतेले भनेबमोजिम आफ्नी श्रीमतीलाई नसोधी हिँडेकामा पश्चात्ताप व्यक्त गर्छ । जगतेले आफूलाई तीन सय ऋण र गाउँ पञ्चायतबाट पाटीमा बस्ने आफ्नो अधिकार दिलाउँदैमा विद्रोह गर्न नसकेकोमा पछुताउँछ । झ्यालखानामा बस्दा भुस्तिग्रे कैदी नाइकेले चौकीदारको आडमा सताएको सम्झन्छ । त्रिपुरेश्वरबाट ट्रलिबस चढेर बानेश्वरको बस्तीमा पुगी आफ्नी श्रीमती झुने र छोरी जुनेलीलाई भेट्न चाहन्छ । आफ्नी छोरीले एस.एल.सी. पास गरेकी होली । आधुनिक फेसनमा सजिएकी होली भन्ने तर्कनाहरू मनमा खेलाउँछ । यसरी वस्तुजगत्को यथार्थ अभिव्यक्ति उपन्यासमा दिइएको देखिन्छ ।

**घटना र सामाजिक यथार्थता** : उपन्यासमा सामाजिक यथार्थको तथ्यपरक चित्रण गरिएको छ । कोथेगोरो गाउँको जगतेले सोह्र वर्षको समयमा काठमाडौँमा घर बनाएको छ । गाउँमा हुँदा फटाहा, चोर जस्तोसुकै बेलामा पनि किरिया खान सिपालु कहलिएको जगतेले काठमाडौँमा घर बनाएको सुन्दा हर्के साहिँला आश्चर्यमा पर्दछ । हर्के साहिँलाले जगतेको बारेमा सोच्दासोच्दै एउटा नयाँ जापानी कारभित्र बसेर जगते आएको देखिन्छ । उसका कारणले हर्के साहिँला चोरीको मुद्दामा झ्यालखाना परेको हो ।

> "कोथेगोरो गाउँमा छँदा जहिले पनि घरबाट भागी भागी हिड्ने जगतेले मात्र छब्बीस वर्षमै उमेरमा त्यो पनि काठमाडौँजस्तो शहरमा घरजग्गा जोड्न सक्ला भनेर । ऊ त हो पहिलोदेखिन्कै चोर र फटाहा मान्छे" (विष्ट, २०६४, पृ. ३५) ।

उपन्यासमा भोकले ग्रस्त चन्द्रे आफ्नी आमालाई सम्झन्छ । आफ्नो गाउँ सम्झन्छ । आफू र सेती भैँसीलाई आमाले धेरै माया गर्ने कुरा सम्झन्छ । भोकको औषधि फेला परे राम्रो हुने ठान्दछ । कसैले ज्यादा खाना पाएकाले रोग लाग्ने त कसैले खानै नपाएकाले रोग लाग्ने स्थिति सम्झन्छ ।

> "उसकी आमाका आँखाले उसले भोक लाग्यो भनेर भन्दै नभनेको भए पनि उसको भोकको ज्वालाललाई बुझि हाल्ने थिए" (विष्ट, २०६४, पृ. ५७) ।

यस उपन्यासमा धार्मिक कुरीति, अन्धविश्वास र होची अर्घेलीको विरोध गरेको देखिन्छ । चन्द्रेले आफ्नी आमा, माहुरी साहू र जेठा पुरेतलाई सम्झन्छ । आफ्नी आमा मरेपछि माहुरी साहू र जेठा पुरेतले धर्मको आडमा आमाको किरिया सकेको एक साता नपुग्दै किरिया खर्च उठाउन घरको भैँसी सेतीलाई फुकाएर लगेका छन् ।

> "माहुरी साहूको मान्छेले त्यो भैँसीलाई घिच्च्याउँदा त्यसैत्यसै रुन्चे आँखा परेकी थिई त्यो भैँसीले । ऊ स्वयम् पनि रोएको थियो ढोका थुनेर" (विष्ट, २०६४, पृ. ७१) ।

यस उपन्यासमा मानव संस्कार, रहनसहन र आचरणलाई इमानदारीसाथ चित्रण गरिएको छ । चन्द्रे विद्यालयको वार्षिक उत्सवमा गएर आउँदा झरीमा घुम ओडेर सिस्नु टिप्दै गरेकी उसकी आमालाई खोकीले च्यापेको थियो । वैद्य र झाँक्री लिएर आइनपुग्दै आमाको मृत्यु भएको थियो भन्ने कुरा देखाइएको छ ।

> "च्व....च्व.... उसकी आमाको सधैँ ऊतिर उज्यालो उडाइरहने युगल आँखा यतिखेर ट्वालट्वालती भएका छन् । आँखाका दुवै पुतली तलको तलै माथिको माथि नै तानिएका छन् । सम्पूर्ण शरीर सारङ्गीको तारझैँ तनक्क तानिएको छ । वैद्यराज नारीको गति हेर्दाहेर्दै अँध्यारो अनुहार पारेर भन्दछन्– चन्द्रे ! तेरो आमालाई अब म केही गर्न सक्दिन बाबू !" (विष्ट, २०६४, पृ. ८०) ।

चन्द्रेकी आमा एक्ली भए पनि आफ्नो छोरा चन्द्रेलाई संस्कार र इमानदारको आचरण सिकाइरहेकी छिन् । यसर्थ यस उपन्यासमा मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रुरता र हिंसात्मकताको तथ्यपरक चित्रण गरिएको छ । हर्के साहिँलाले कोथेगोरो गाउँ छोडेर जगतेको पछि लागि काठमाडौँ आउनु उसको गम्भीर मानवीय त्रुटि देखिन्छ । काठमाडौँ आएपछि पनि जगतेको आड भरोसामा बस्नु उसको दुर्बलता देखिन्छ । जगतेको निर्देशनअनुसार चोरी-डकैती गर्न जानु उसको नग्नता हो । हर्के साहिँला झ्याखानामा पर्नु क्रुरता हो । यसरी उसको पारिवारिक जीवन नग्नतापूर्वक तहसनहस भएको पाइन्छ ।

यस उपन्यासमा निराशाको मात्र चित्रण नगरी आशा जगाउने विषयलाई पनि प्रस्तुत गरिएको छ । उपन्यासमा आफ्नी आमाको मृत्युबारे चन्द्रे निराश छ । बुबाले रण्डी लिएर हिँडेको र आफ्नी आमा जगतेको घरको झ्यालबाट लडेर मरेको घटनाबाट जुनेली निराश देखिन्छे । आफ्नी श्रीमती र छोरीलाई छोडेर सोह्र वर्षसम्म झ्यालखानामा बस्नु पर्दा र छुटेपछि पनि आफ्नो परिवार नभेटिँदा हर्के साहिँला निराश देखिन्छ । यस्तो अवस्थामा उनीहरू एक अर्काको सहारा बनेर बाँचिरहेका छन् । यस क्रममा उपन्यासको अन्त्यतिर भस्मासुरको अनुहारमा हर्के साहिँला शङ्खमूलको पाटी अगाडि देखा पर्दछ । उसले जगतेलाई मारेर उसको धनसम्पत्ति लुटेर ल्याएको छ । पुलिसले देखेपछि जगतेको घरबाट हाम फाल्दा उसको खुट्टा मर्केको छ । उसले चन्द्रे र जुनेलीलाई लुटेर ल्याएको धन दिन्छ । जगतेजस्तो चोर डाका नबन्नु भन्दै उनीहरूलाई त्यहाँबाट भगाउँछ । आफू प्रहरीबाट समातिन्छ ।

> "लौ, कुद यहाँबाट । के अलमलिन्छौ, कुदिहाल । आजदेखि फेरि तिमीहरूलाई यता फर्केको चाल पाएँ भने गाँठे ! तिमीहरूलाई पनि जगते गएको लोकमा नपुऱ्याई छाड्ने छैन । भन्दिया छु" (विष्ट २०६४, पृ. २३७) ।

यसरी हर्के साहिँलाले आफू निराश भएर पनि चन्द्रे र जुनेलीको भविष्य उज्ज्वल होस् भन्ने इच्छा राखेको देखिन्छ ।

**वैयक्तिकता र फोटोग्राफिक अनुकरणको प्रस्तुति** : यस उपन्यासमा फोटोग्राफिक अनुकरणका साथै वैयक्तिताको चित्रणसमेत भएको छ । उपन्यासमा हर्के साहिँला, उसकी श्रीमती झुने र छोरी जुनेली षड्यन्त्रकारी जगतेको पछि लागेर काठमाडौँ आएका छन् । उनीहरू शङ्खमूलको पाटीमा बसेका छन् ।

जगते झुनेप्रति आकर्षित छ। त्यसैले षड्यन्त्र गरी हर्के साहिँलालाई सोह्र वर्षसम्म झ्यालखानामा पार्दछ। झुनेलाई बलात्कार गरी वेश्या बनाउँछ। छोरी जुनेलीलाई समेत बलात्कार गर्न खोज्दछ। जगतेकै कारणले झुनेको मृत्यु हुन्छ। जुनेलीले चन्द्रेलाई भेट्छे। दुवै जना मिलेर पाकेटमारीजस्तो कुरालाई पेसा बनाई जीवन चलाएका छन्। हर्के साहिँलाले झुनेको हत्या जगतेले गरेको हो र जुनेली आफ्नी छोरी भएको थाहा पाउँछ। उसले जगतेको हत्या गरी धनसम्पत्ति ल्याएर जुनेलीलाई दिन्छ। यसप्रकारको फोटोग्राफिक चित्रण वैयक्तिक स्वभावका साथ उपन्यासमा गरेको पाइन्छ।

यस उपन्यासको औपन्यासिक विषयवस्तुका रूपमा सामाजिक घटना, परिवेश र संस्कृतिको चित्रण भएको छ। उपन्यासमा कोथेगोरो गाउँमा बस्दा हर्के साहिँला जगतेको पछि लागेर काठमाडौं आएको घटना देखिन्छ। शङ्खमूलको पाटीमा बस्दा पनि उसले दुःख पाएको देखिन्छ। जगतेको फकाईमा परेर सोह्र वर्षसम्म कैदी बनेको छ। झ्यालखानाबाट छुटेपछि आफ्नो परिवारसँग भेट भएको छैन। जुनेली र चन्द्रेले एक आपसमा मिलेर बस्दै पाकेटमारी पेसा गरेर जीवन चलाएका छन्। चन्द्रे बिरामी हुँदा जुनेलीले सहयोग गरेकी छ। हर्के साहिँलासँग जुनेली र चन्द्रको भेट भएपछि तीनै जना सँगै बसेका छन्। पाटीमा हर्के साहिँलाले भैंसी ल्याएर पाल्दा त्यस भैंसीलाई जगतेको मान्छेले चोरेर लगेको देखिन्छ। जुनेलीले आमाको हत्या जगतेले गरेको कुरा हर्के साहिँलालाई बताउँछे। जगतेको घरमा गई हर्के साहिँलाले उसको हत्या गरी उसको धन ल्याउँछ। त्यो धन जुनेली र चन्द्रेलाई दिई त्यहाँबाट भाग्न लगाउँछ। आफू प्रहरीको घेराउमा पर्दछ। यस्तो सामाजिक घटनालाई उपन्यासले पछ्याएको पाइन्छ।

यसरी हेर्दा प्रस्तुत उपन्यासमा नेपाली समाजमा घटेका सामाजिक घटनाहरूलाई फोटोग्राफरले खिचेका फोटोका रूपमा देखाएका छन्। वर्तमान युग जीवनलाई स्पर्श गर्न सक्ने घटनाहरू समावेश छन्। हर्के साइलोको जीवनसँग सम्बन्धित भएर वर्तमान सामाजिक स्थितिको चित्रण गरेका छन्। हर्के साहिँलालाई अनेक प्रलोभनमा पारेर फसाउने खराब नियत भएको जगते उसलाई जेल पठाउन सफल हुन्छ। उसकी स्वास्नी झुनेको बलात्कार गरी हत्या गर्दछ। अनेक किसिमको अपराध गरेर पनि मर्यादित भएर बस्न सफल छ। आपराधिक मनस्थिति भएको जगतेको कारणले हर्के साहिँलाको घरबाट उजाड भएको छ। उपन्यासमा जगतेजस्तो दुष्ट पात्रको सिर्जना गरी त्यसैका माध्यमबाट सम्पूर्ण दुर्घटना भएको सत्य साबित गर्ने काम देखाइएको छ। यसबाट वर्तमान सामाजिक स्थितिको स्पष्ट अङ्कन गरिएको देखिन्छ। हर्के साहिँला जेलबाट फर्केर आएपछि पनि झन् दुःख, कष्ट र पीडाजनक स्थितिमा पुगेको छ। उसले छोरी जुनेली र उनको साथी चन्द्रेलाई आश्रय दिएर जीवन निर्वाह गर्दा पनि जगतेकै कुदृष्टिमा परेर भैंसी बिरामी पर्नु, चोरी हुनुजस्ता काम भएका छन्। जीवन गुजाराको आधार बनेको शङ्खमूलको थोत्रे पाटी पनि कुमारीको मन्दिर बनाउने बहानामा भत्काउने प्रयास जगतेले गरेको छ। सामाजिक यथार्थवादमा फोटोग्राफिक अनुकरण मात्र नभई वैयक्तिकता र सिर्जनात्मकताको समिश्रणसमेत हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३००)। यसरी हेर्दा समाजमा घटेका र घट्न सक्ने घटनाहरूको तथ्यमूलक जानकारी दिइएको पाइन्छ। समाजमा रहेका आपराधिक मनोवृत्तिका मानिसहरू अपराध गरेर पनि खुल्ला रूपमा समाजमा प्रतिष्ठित भएर बसेका छन्। निर्दोष व्यक्तिहरू गल्ती नगरीकन सजाय भोग्न बाध्य

छन् । अपराध गरेको व्यक्तिलाई उचित सजाय दिनुपर्नेमा उसलाई छुट दिइएको प्रसङ्ग छ ।

**निम्न वर्गीय पात्र र समाजको यथार्थ** : यस उपन्यासमा निम्न वर्गीय चरित्रहरूको प्रयोग गरेको देखिन्छ । हर्के साहिँला, भुने, जुनेली, चन्द्रे, जगते, वीरे, सेसेबूढाजस्ता चरित्रहरू छन् । यी चरित्रहरू सबैले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । जगते धनी वर्गको देखिए पनि चोरी डकैती, ठेक्कापट्टा र नराम्रा कामहरू गरेर धनी भएको देखिन्छ । सुरुमा गाउँमा बस्दा ऊ गरिब, फटाहा नै देखिन्छ । हर्के साहिँला, भुने, जुनेली, चन्द्रे निम्न वर्गको प्रतिनिधित्व गर्ने चरित्रहरू हुन् । उपन्यासमा धेरैजसो गरिब वर्गका पात्रहरूको उपयोग गरेको देखिन्छ । यसरी नेपाली समाजकेन्द्री जीवन र पात्रको चित्रण गरेका छन् । व्यक्तिको चरित्रद्वारा सिङ्गो समाजको स्वरूप र त्यसका वृत्तान्त प्रस्तुत गरेका छन् ।

त्रिपुरेश्वर, साँगा, नलिनचोक, शङ्खमूल, बानेश्वर, भोटाहिटीजस्ता स्थानगत परिवेशको चित्रण गरिएको छ । नेपालका दुर्गम क्षेत्रमा जेठा पुरेत, माहुरी साहूजस्ताले अहिलेसम्म पनि धार्मिक आस्थाका नाममा चन्द्रेजस्ता गरिब नेपालीलाई गाउँबाट निकाल्न बाध्य बनाएको देखिन्छ । उपन्यासमा संस्कृति चित्रण गर्ने क्रममा होलीपर्व, दशैं, तिहारजस्ता पर्वहरूको वर्णन गरिएको छ । होली पर्वको समयमा उपत्यकामा बस्ने तराईवासीहरूले 'जोगिरा सरर' भन्ने गीत गाएर सांस्कृतिक उत्सव मनाएका छन् ।

**भाषाशैली र समाजको यथार्थ** : यस उपन्यासमा बोलचालको भाषा र स्थानीय कथ्य रूपलाई महत्त्व दिइएको देखिन्छ । सामान्य पाठकले बुझ्न सक्ने तद्भव शब्दको प्रयोग धेरै पाइन्छ । तत्सम र आगन्तुक शब्दको प्रयोगसमेत आवश्यकताअनुसार भएको देखिन्छ । आगन्तुक शब्दका रूपमा अङ्ग्रेजी र नेवारी भाषाको प्रयोग गरेको देखिन्छ । अङ्ग्रेजी भाषाका आगन्तुक शब्दका रूपमा 'सर दिस इज फाइन, प्राइभेट, ओके-ओके र नेवारी भाषाका रूपमा मोमोचा, कचिला, छोइला, खाने भन्डैमा धेरै खान हुन्न डाइ, हुन ट हुन्ठ्यो नि, सट्ये सट्ये डिन्थैँ साहिँला डाइ' जस्ता शब्दको प्रयोग देखिन्छ । यसरी हेर्दा उपन्यासमा स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । भुँडे साहूको भाषामा नेवारी मिश्रित शब्दको प्रयोग छ । हर्के साहिँलो, चन्द्रे, जुनेलीको भाषामा सामान्य अशिक्षित व्यक्तिहरूले बोल्ने भाषाको अधिक प्रयोग भएको पाइन्छ । उपन्यासको भाषामा उखान र निपातको प्रयोगसमेत भएको देखिन्छ । कुकुरको पुच्छरलाई बाह्र वर्षसम्म ढुङ्ग्रोमा हाले पनि बाङ्गाको बाङ्गै (विष्ट, २०६४, पृ.१३९), आँप खानसित मतलब छ कि बगैँचाको रुख गन्नुसित (विष्ट, २०६४, पृ १३६) जस्ता शब्दावलीहरू यसमा प्रयोग भएका छन् ।

## सामाजिक यथार्थवाद

वास्तवमा उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा फ्रान्सेली उपन्यासबाट प्रयोग भएको सामाजिक मान्यतामा यो उपन्यासको रचना भएको देखिन्छ । समाजका घटनालाई उपन्यासमा प्रकट गराउने उद्देश्यले रचित उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन् । यस्ता उपन्यासमा एउटा फोटोग्राफरले खिचेको फोटोका रूपमा सामाजिक विकृति र विसङ्गतिका घटनाहरूको उल्लेख भएको पाइन्छ । यसमा सामाजिक घटनाको वर्णन हुन्छ तर त्यसप्रति उपन्यासकारले आफ्नो सहमति-असहमतिको सूचना

पाठकलाई दिएको देखिँदैन । समाजमा घटेका र घट्न सक्ने घटनाहरूको तथ्यमूलक यथार्थपरक प्रस्तुति देखाइएको हुन्छ । यसमा आत्मकेन्द्रित प्रस्तुति हुँदैन (शर्मा र लुइटेल, २०६१, पृ. ३००) । यस कुरालाई संरचना र बुनोटका आधारमा यो उपन्यासलाई संयोजन गरेको देखिन्छ ।

सामाजिक यथार्थले वस्तुसत्यलाई अङ्गाली सामाजिक यथार्थवादी दृष्टिकोणबाट मानव जीवनका वस्तुपरक घटनाहरूलाई प्रस्तुत गर्छ । यसले निम्न वर्गीय चरित्र र समाजका सामान्य घटनालाई अभिव्यक्त गर्छ । समाजको स्थिति परिवेश देखाउँदै साधारण जनजीवनको प्रतिनिधित्व हुने खालको अभिव्यक्त गर्छ । यस उपन्यासमा बोलचालको भाषालाई महत्त्व दिएको छ । यसमा समाजका कुरीति, अन्धविश्वास, होची अर्घेलीको विरोध छ । जनजीवनका संस्कार, रहनसहन, आचरण र व्यवहारलाई इमानदारीका साथ तथ्यपरक चित्रण गरिएको छ । विशेषतः यसमा मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रुरता, हिंसात्मकताको तथ्यपरक चित्रण गरिएको देखिन्छ । सामाजिक यथार्थवादमा निराशाको मात्र चित्रण नगरी आशा जगाउने चित्रण पनि हुन्छ । यसर्थ यस उपन्यासमा सामाजिक बोलीचालीसँगै यथार्थ प्रस्तुति अब्बल देखिएको छ ।

### आदर्शोन्मुख यथार्थवाद

समाजमा घटेका घटनालाई जस्ताको त्यस्तै चित्रण गर्नु यथार्थवाद हो । घटनालाई सामाजिक मान्यताअनुसार जस्तो हुनुपर्छ त्यस्तै बनाउनु आदर्शवाद हो । आदर्शतर्फ ढल्किएको यथार्थवाद आदर्शोन्मुख यथार्थवाद हो (शर्मा र लुइटेल, २०६१, पृ. ३०३) । यसमा आदर्शबाट प्रेरणा ग्रहण गरेर त्यस अनुकूल हेर्ने र समाज रचना गर्ने परम्परा रहेको हुन्छ । यसमा सामाजिक दुर्गतिहरू, प्रचलित व्यावहारिक कुरीतिहरू, दुराचरणहरू आदर्शको केन्द्रीयतामा चित्रित र वर्णित हुन्छन् । यसरी बाह्य आदर्शोचित सम्बन्ध स्थापना गर्नका लागि बाह्य यथार्थको सहारा लिइन्छ । यसमा मानवोचित सबलता-दुर्बलता उद्घाटित गर्ने नभएर पात्रहरूको आदर्श चित्रण, अनुकरणीय कार्य, अनुपम दृष्टान्त दिनलाईसम्म तिनीहरूको प्रयोग गरिएको हो । बाह्य समाजको अन्याय र दयनीय स्थिति चित्रण नभई कुनै व्यक्तिको आदर्शअनुपम कार्य, चारित्रिक विशेषता प्रकट नहुने हुँदा आदर्शवादमा यथार्थको सर्वथा परित्याग हुँदैन । यसैले यस्तो विशेषता भएका उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिएको हो (प्रधान, २०६१, पृ. ७७) ।

यस उपन्यासमा हर्के साहिँलाले आफ्नो जीवनमा आफ्नै जीवनका दुस्कृति, आवेग आदिका कारणले दुःख पाएको छ । नेपाली समाजमा रहेका अशिक्षा, अभाव र अनाचारका कारणले जन्मिएका खराबीलाई भोग्न बाध्य बनेको छ । उसकी श्रीमती, झुने र छोरी जुनेलीले समेत दुष्कर्म भोग्न बाध्य बनेका छन् । माहुरी साहू, जेठा पुरेतका कारण चन्द्रेले दुःख पाएको छ । जगतेजस्तो व्यक्ति निर्धक्क हिँडेका छ । उसलाई झुने, जुनेली र चन्द्रेजस्ता पात्रहरूले प्रतिकार गर्न सकेका छैनन्, आफूहरू निर्दोष भए पनि सजाय भोग्न बाध्य छन् (सुवेदी, २०५३, पृ. १००) । यसरी हेर्दा उपन्यास आदर्शोन्मुख भावतर्फ ढल्किएको देखिन्छ ।

**आलोचनात्मक यथार्थवाद**

आलोचनात्मक यथार्थवाद उन्नाइसौँ शताब्दीमा फस्टाएको देखिन्छ । सातजना अमेरिकाली दार्शनिकहरूका संयुक्त प्रयासबाट प्रकाशित कृति 'Critical Realism' (सन् १९२०) ले यसको दार्शनिक आधार तयार पारेको पाइन्छ । सन् १९३४ मा भएको सोभियत लेखकहरूको पहिलो सम्मेलनमा गोर्कीले समाजवादी यथार्थवादभन्दा भिन्न देखाई यसको साहित्यिक अर्थमा पहिलो प्रयोग गरेका हुन् । यो वाद दर्शनसँग गाँसिएको शब्द भए पनि साहित्यमा सीमित भएर रहेको देखिन्छ । मार्क्सेलीहरूले यसलाई बुर्जुवा यथार्थवादसमेत भन्ने गरेको पाइन्छ (शर्मा र लुइटेल २०६१, पृ. ३०१) । पुँजीवादी समाजका शोषण, दमन, अन्याय, अत्याचार, विकृति-विसङ्गतिप्रति तीव्र व्यङ्ग्य र आलोचना गरेर साहित्यमा स्थापित हुन पुगेका देखिन्छ । यसमा पुँजीवादी शोषण-दमन, उत्पीडनको कटु आलोचना गरिएको हुन्छ । यसले यथास्थितिको तीव्र आलोचना गर्दछ तर त्यसबाट उन्मुक्तिको उचित दिशा निर्देशन गरेको देखिँदैन । जर्ज लुकाचले The meaning of contemporary Realism कृतिमा यसलाई आलोचनात्मक, यथार्थवाद र समाजवादी यथार्थवादको सन्धि स्थलका रूपमा हेरेका छन् (शर्मा र लुइटेल २०६१, पृ. ३०२) । समाजका विद्यमान स्थितिलाई आलोचनात्मक रूपले नियाल्ने साहित्यिक मान्यता आलोचनात्मक यथार्थवाद हो ।

यसमा सर्जक तटस्थ द्रष्टा नभई आलोचनात्मक द्रष्टाका रूपमा सक्रिय भएको देखिन्छ । समाजमा रहेका घटनाहरूको यथार्थ चित्रण गर्ने क्रममा विसङ्गति र विकृतिप्रति आलोचना गर्दै लेखिएको उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनेको पाइन्छ । यस दृष्टिकोणबाट हेर्दा यस उपन्यासमा गरिबको समस्या धनी वर्गले बुझ्न र सुन्न चाहँदैनन् । उपन्यासमा हर्के साहिँला, झुने, जुनेली र चन्द्रेजस्ता निम्न वर्गमा मान्छेका पीडा, व्यथा र वेदनालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यी पात्रहरूले परिश्रम गरेका छन् । रक्तपिपासु शोषक जगते, माहुरी साहूजस्ता व्यक्तिहरूले उनीहरूलाई अगाडि बढ्न दिएका छैनन् । धनीमानी साहूहरूले गरिबहरूलाई हतियार बनाएर फसाएका छन् । आफ्ना स्वार्थ सिद्ध गरेका छन् । उपन्यासमा हर्के साहिँला झुने, जुनेली र चन्द्रेजस्ता पात्रहरूको कारुणिक तथा दयनीय स्थिति देखाइएको छ । जगते माहुरी साहूजस्ता कुलङ्गार र फटाहाहरूको मोजमस्तीको स्थिति देखाइएको छ । यस्तो विसङ्गतिपूर्ण स्थितिको वर्णन गरिएको छ । गरिबहरू पतोन्मुख देखिन्छन् । धनीहरू झन् धनी हुँदै गएका छन् । औपन्यासिक विषयवस्तुको अन्त्यमा हर्के साहिँलाले जगतेको घरभित्र पसी उसको हत्या गरेको देखाइएको छ । यस घटनाबाट उपन्यास आलोचनात्मक यथार्थवादी बन्न पुगेको देखिन्छ ।

## निष्कर्ष

यस उपन्यासमा हर्के साहिँलाजस्ता निम्न वर्गीय पात्रका माध्यमबाट उपन्यासकारले नेपाली समाजको वस्तुस्थितिको चित्रण गरेका छन् । उपन्यासका पात्रहरूमध्ये हर्के साहिँलाले जगतेसँग गरेको विद्रोहका माध्यमबाट नेपाली समाजमा दमनलाई स्वीकार मात्रै गरिँदैन । निम्न वर्गले सामन्त वर्गसँग अन्यायका विरुद्ध सामना गर्ने हिम्मत पनि राख्छन् भन्ने कुरा पुष्टि हुन्छ । यद्यपि झुने, जुनेली र

चन्द्रेजस्ता पात्रहरूले हर्के साहिँलाले जसरी विद्रोह गर्न नसकेको यथार्थका वस्तुस्थिति देखाइएको छ। यस्तो स्थितिबाट उपन्यासकारले नेपाली समाजका दमित वर्गमध्ये महिला तथा गरिब पात्रहरू विद्रोही बन्न नसक्ने कुरालाई देखाएका छन्। अर्को सन्दर्भमा नेपाली समाजका प्रभुत्व वर्गका पुरुषहरूले झुनेजस्ता निरीह नारी पात्रमाथि बलात्कार गरी अत्याचार गर्ने गरेको यथार्थ प्रस्तुत छ। यसर्थ, उपन्यासका माध्यमबाट उपन्यासकारले नारी पात्रहरू पितृसत्तात्मक समाजमा दमित बन्नुपरेको पीडालाई व्यक्त गरेको देखिन्छ। यस उपन्यासमा नेपाली समाजका यी विकृत पक्षका अलावा नेपाली संस्कृति, चाडपर्व, पहिचानका विषयहरूलाई पनि देखाइनुले हाम्रो समाजको वास्तविक यथार्थ उजागर भएको छ। यसकारण नेपाली समाजमा सुसंस्कृतिका बिचमा विकृतिहरू पनि हाबी रहने तथा प्रभुत्व वर्गले दमन गर्ने गरेको सामाजिक स्थिति प्रदर्शित छ।

उपन्यासमा सामाजिक, आदर्शोन्मुख र आलोचनात्मक यथार्थवादका मूलभूत चिन्तनलाई अवलम्बन गरिएको छ। यसमा सामाजिक घटनाको वर्णन गर्ने क्रममा जनजीवनका संस्कार, रहनसहन, आचरण र व्यवहारलाई इमानदारीका साथ देखाइएको छ। यहाँ नेपाली समाजमा रहेको अशिक्षा, अभाव र अत्याचारका कारणले दुःख भोग्न बाध्य बनाइएको स्थिति प्रदर्शित छ। हर्के साहिँला, झुने, जुनेली र चन्द्रेले आफूलाई दुःख दिने व्यक्तिहरूप्रति प्रतिकार गर्न सकेका छैनन्। यसरी अन्याय सहेर पनि प्रतिकार नगरी आदर्शोन्मुख भावलाई प्रस्तुत गरेका छन्। अर्कोतिर हेर्दा नेपाली समाजमा विपन्न र साधारण महिला वर्गले अधीनस्थ वर्गका विरुद्ध सहजै आवाज उठाउन नसक्ने बाध्यतालाई देखाइएको छ। हर्के साहिँलाले जगतेको घरभित्र पसी उसको हत्या गरेको प्रसङ्गलाई हेर्दा अन्यायका विरुद्ध प्रतिरोध गर्ने क्षमता कमजोर देखिँदैन। यसमा रुढी र अभावग्रस्त मानव जीवनको चित्रणसँगै भोकले सताइएका व्यक्तिहरूको कारुणिक अवस्थासँगको प्रतीकात्मक विद्रोह प्रस्तुत भएको छ। उपन्यासको अन्त्यमा जगतेले हर्के साहिँलाको हत्या गरेको सन्दर्भलाई हेर्दा उपन्यासकारले निम्न वर्गले न्यायका निम्ति विद्रोह गर्छन् भन्ने कुरालाई समेत देखाएका छन्। यसबाट उपन्यास आलोचनात्मक यथार्थवादी प्रकृतिको बन्न पुगेको छ। यसर्थ यस उपन्यासले विपन्नहरूले भोकको उत्कर्षमा पुगेपछि भयानक विद्रोह गर्न सक्ने र एकताबद्ध हुन सक्ने नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ। यसका साथै समाजमा अपराध गर्ने जगतेजस्तो व्यक्ति निर्धक्कसँग छात्ती फुलाएर हिँडेको सन्दर्भ आउनु तथा निर्दोष व्यक्तिहरू सजाय भोग्न विवश हुनुले विद्रोही भावलाई जगाइदिएको छ। अपराध गरेर जोगिन खोज्ने जगतेजस्तो व्यक्तिलाई हत्या गरिनुले चाहिँ प्रतिरोधको क्षमता पनि सशक्त बनेको छ। यसरी हेर्दा यो उपन्यास आलोचनात्मक यथार्थपरक रहेको देखिन्छ।

## सन्दर्भसामग्री

अग्रवाल, दामोदर (सन् १९७२), *अङ्ग्रेजी साहित्यकोस,* भारतीय ज्ञानपीठ।

कँडेल, घनश्याम (२०४६), *पाश्चात्य यथार्थवादी नाटक,* श्रीमती सुभद्रा उपाध्याय।

क्रिलोक, भूमिका (सन् १९८१), *साहित्य तथा कला,* प्रगति प्रकाशन।

क्रोनेज, डिना र अन्य (निर्देशक, सन् २००१), *कम्पोटोन्स इन्साइकोपेडिया एन्ड फ्याक्ट इन्डेक्स,* इलोनोइस सक्सेस पब्लिसिङ ग्रुप लिमिटेड ।

गौतम, देवीप्रसाद (२०४९), *प्रगतिवाद : परम्परा र मान्यता,* मुना गौतम ।

जर्ज, टी.जे.एस. (निर्देशक, सन् १९९८), *द इन्क्वारी डिक्सनेरी,* हार्पर कोलिन्स पब्लिसर्स ।

तिवारी, राजपूजन (सन् १९७१), *पाश्चात्य काव्यशास्त्र,* राधाकृष्ण प्रकाशन ।

त्रिगुणायत, गोविन्द (सन् १९६३), *शास्त्रीय समीक्षा के सिद्धान्त,* यस चन्द्र कम्पनी ।

त्रिपाठी, वासुदेव (२०३०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* साझा प्रकाशन ।

पाण्डे, ताराकान्त (२०५६), *प्रगतिवाद र कविता,* शीला योगी ।

पोखरेल, बालकृष्ण र अन्य (निर्देशक, २०५५), *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार,* साझा प्रकाशन ।

फ्रोलोभ, आइ, (निर्देशक, सन् १९८४), *डिक्सनरी अफ फिलोसोफी,* प्रोग्रेस पब्लिसर्स ।

फ्र्यान्क, थिल्ली (सन् १९८९), *अ हिस्ट्री अफ फिलोसफी,* सेन्ट्रल पब्लिसिङ हाउस ।

बेलेक, रेने (सन् १९७८), *ओलोचनाकी धारणायँ,* हरियाणा हिन्दी ग्रन्थ अकादमी ।

मार्क्स र एङ्गेल्स (सन् १९८१), *साहित्य तथा कला,* प्रगति प्रकाशन ।

मिश्र, विरेन्द्रप्रसाद (२०४०), *दर्शनशास्त्र एक परिचय,* श्रीमती श्यामा मिश्र ।

मिश्र, शिवकुमार (सन् १९७३), *मार्क्सवादी साहित्य चिन्तन,* हिन्दी ग्रन्थ अकादमी ।

मिश्र, शिवकुमार (सन् १९७८), *यथार्थवाद,* दि मोकमिलन कम्पनी अल इन्डिया लिमिटेड ।

मिश्र, सत्यदेव (सन् १९७५), *पाश्चात्य समीक्षा सिद्धान्त,* विनोद पुस्तक मन्दिर ।

लामिछाने, यादवप्रकाश (२०७६), *नेपाली कथा-उपन्यास सिद्धान्त र समीक्षा,* विद्यार्थी पुस्तक भण्डार ।

लोहनी, गोविन्दप्रसाद (२०११), कला, जीवन दर्शन र यथार्थ, *प्रगति,* वर्ष १२ (६) ।

विष्ट, दौलतविक्रम (२०६४), *भोक र भित्ताहरू,* साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* पाठ्यसामग्री पसल ।